## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६६/१०/२२ गते शुक्रवार देखि २०६६/१०/२८ गते बिहिबार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८५ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४७३९ कारोबारबाट १७ करोड ६० लाख ७७ हजार रुपैयाँ बराबरका ३ लाख ७९ हजार ४ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ५.९८ प्रतिशतले वृद्धि आएको हो । गत साता ४६२७ कारोबारबाट १६ करोड ६१ लाख ४२ हजार रुपैयाँ बराबरका ३ लाख ३२ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए । कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र ९ करोड रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ६१.७७ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ०.१० अंकले ह्रास भई अन्तिम दिन ४९७.२४ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४७३.८१ | ४३७.४७ | ३६६.४९ | ५३४.६० | ८०२.८१ | २५६.०७ | ५७५.०३ | ४९६.०२ | ५३४.५३ | ४९७.३४ | १२१.८६ | ४७.१९ |
| दोस्रो | ४६१.१६ | ४३७.४७ | ३६६.४९ | ५३४.६० | ७९८.८५ | २५६.०७ | ५७४.२७ | ४९४.३६ | ५२९.४० | ४८९.४० | ११९.०८ | ४६.३७ |
| तेस्रो | ४४३.७२ | ४३७.४७ | ३६६.४९ | ५४१.६५ | ७९२.३२ | २५६.०७ | ५७२.९५ | ४९३.४२ | ५२२.८१ | ४७९.७३ | ११५.३६ | ४५.१३ |
| चौथो | ४६२.०० | ४३७.४७ | ३६६.४९ | ५६०.४५ | ७९२.७५ | २५६.०७ | ५७३.४९ | ४९१.६३ | ५१६.४७ | ४९२.८८ | ११८.७२ | ४६.३४ |
| पाचौं | ४६४.८६ | ४३७.४७ | ३६६.४९ | ५७५.७२ | ८०३.९४ | २५६.०७ | ५७४.६१ | ४९१.४० | ५१४.१७ | ४९७.२४ | ११९.३२ | ४६.५४ |
| परिवर्तन | -८.९५ | ०.०० | ०.०० | ४१.१२ | १.१३ | ०.०० | -०.४२ | -४.६२ | -२०.३६ | -०.१० | -२.५४ | -०.६५ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा २.५४ अंकले ह्रास भई ११९.३२ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ४१ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक तथा शेयर संख्या (३४ हजार कित्ता) र कारोवार संख्या (५३९ वटा) को आधारमा भिवोर विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ३४.१५ |
| २ | भिबोर विकास वैंक | ११.४९ |
| ३ | बैंक अफ काठमाण्डू | ११.४४ |
| ४ | नबिल बैंक | ११.२३ |
| ५ | चिलिमे हाइड्रोपावर कम्पनी | ८.४० |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।